# माछापुच्छ्रे गाउँपालिका
## स्थानीय राजपत्र

खण्डः ०६ संख्याः १३ मितिः २०७९।१०।१७

### भाग-१

सम्बत् २०७९ सालको ऐन नं. १

## माछापुच्छ्रे गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

### (पहिलो संशोधन, २०७९)

न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीको कारबाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तयगरी स्पष्टता, एकरुपता एवं पारदर्शीता कायम गरी शासन तथा न्याय प्रतिको जनविश्वास कायम राखीरहनका लागि माछापुच्छ्रे गाउँपालिकाको न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ संशोधन गर्न बाञ्छनिय भएकोले

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

**माछापुच्छ्रे गाउँपालिका प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँपालिकाको गाउँसभाले मूल ऐनमा देहाय बमोजिमको संशोधन गरेको छ ।**

| क्र.सं. | दफा नं. | हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १. | परिच्छेद ४ दफा २० उपदफा (१) (म्याद तामेलि र तारिख) | उजुरी प्रशासकले दफा ९ बमोजिम विबाद दर्ता भएपछी बढिमा **दुई** दिन भित्र प्रतिबादीको नाममा प्रचलित कानुनमा म्याद तोकिएको भए सोहि बमोजिम र नतोकिएको भए पन्ध्र दिनको म्याद दिई सम्बन्धीत वडा कार्यालय मार्फत उक्त म्याद वा सूचना तामेल गर्न सक्नेछ । | उजुरी प्रशासकले दफा ९ बमोजिम विबाद दर्ता भएपछी बढिमा **सात** दिन भित्र प्रतिबादीको नाममा प्रचलित कानुनमा म्याद तोकिएको भए सोहि बमोजिम र नतोकिएको भए पन्ध्र दिनको म्याद दिई सम्बन्धीत वडा कार्यालय मार्फत उक्त म्याद वा सूचना तामेल गर्न सक्नेछ । | प्रक्रिया पुर्याई म्याद तामेलिको लागि २ दिनमा गर्न नसकिने भएकोले ७ दिन बनाउनु पर्ने देखिएको। |
| २. | परिच्छेद-४ दफा २० उपदफा (४) | उपदफा (१) बमोजिम प्रप्त भएको म्याद वडा कार्यालयले बढीमा **३** दिन भित्र तामेल गरी तामेलिको व्यहोरा खुलाई समितिमा पठाउनुपर्नेछ। | उपदफा (१) बमोजिम प्रप्त भएको म्याद वडा कार्यालयले बढीमा **५** दिन भित्र तामेल गरी तामेलिको व्यहोरा खुलाई समितिमा पठाउनुपर्नेछ। | वडा कार्यालयले तामेलि गर्ने म्याद कम हुने देखिएकोले ३ दिनलाई बढाएर ५ दिन पुर्याउन उपयुक्त देखिएको । |
| ३. | परिच्छेद -८ को दफा ७१ | दफा ७१ | दफा ७१ (क) बनाईएको । | उपदफा थप्नुपर्ने भएकोले । |
| ४. | परिच्छेद -८ को दफा ७१ | दफा ७१ | दफा ७१(ख) थप गरि मेलमिलपको लागि पठाईएका विवादमा ३ जना मेलमिलाप कर्ताहरुलाई बढिमा २ वटा | न्यायीक समितिले मेलमिलापमा पठाएका विवादमा पक्षहरुले कुनै पनि दस्तुर नदिने हुँदा |



माछापुच्छ्रे गाउँपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| | | | बैठकको प्रति बैठक रु ५००।— का दरले गाउँपालिकाले बैठक भत्ता उपलब्ध गराउने छ । | मेलमिलापमा प्रोत्साहन गर्नको लागि गाउँपालिकामा सूचीकृत मेलमिलाप कर्ताहरुलाई बैठक भत्ता को ब्यबस्था गर्नु पर्ने देखिएको । |
| ५. | अनुसुची -१० | मिलापत्रको ढाचाँ | .....ढाँचा | मिलापत्रको ढाँचा हुनुपर्नेमा मिलापत्रको संयुक्त निबेदनको ढाचा भएकोले मिलापत्रको ढाँचा राखुपर्ने । |

**आज्ञाले,**

**बेदहरि अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**

माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

मूल्यः रु. २०।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की